नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سفارة نيبال
دولة الكويت


प्रेस प्रकाशको लागि

## प्रेस विज्ञप्ति

### भिजिट भिषा वा इन्ट्रि भिषाको नाममा कुवेतमा आउने नेपाली घरेलु कामदारहरूको निमित्त गरिएको विमा व्यवस्था

नेपाली राजदूतावास, कुवेतले नेपाल सरकार परराष्ट्र मन्त्रालयको स्वीकृति बमोजिम भिषा नं २० अर्थात् प्राइभेट सर्भेन्ट भिषामा कुवेतमा काम गर्न आउने हाउसमेड, हाउस ड्राइभर लगायत अन्य घरेलु कामदारहरूका लागि जून २, २०१० देखि लागू हुने गरी देहाय बमोजिमको विमा ब्यवस्था लागू गरेको छ । यसका फाइदाहरू निम्न बमोजिम छन्:

- सो विमाका लागि तिर्नुपर्ने रकम ५० के डि (पचास कुवेती दिनार) स्पोन्सरले तिर्ने हुंदा कामदार र नेपाल सरकारलाइ आर्थिक दायित्व नपर्ने, साथै कामदारको तलवबाट पनि कट्टा नहुने ।
- समयावधि: २ वर्ष (२ वर्षको करार वा सम्झौता नवीकरण भएमा पुन स्पोन्सरले तिर्ने)
- <u>अभिलेख दूतावासमा रहने</u>: सवैभन्दा महत्वपूर्ण फाइदा विमा गर्ने हरेक कामदारको अभिलेख दूतावासमा रहन्छ । अभिलेख हुनाले कही समस्या परेमा वा घरेलु हिंसामा परेमा वा कुनै तरहले अलपत्र परेमा उद्धार गर्न सजिलो हुन्छ । (हालसम्म दूतावासमा अभिलेख नभएकोले कसैलाइ समस्या परेमा दूतावासलाइ उद्धार गर्न र उनीहरूको हक दिलाउन समस्या भइरहेको छ, तर विमा गर्ने हरेकको अभिलेख दूतावासमा हुने हुनाले उद्धार गर्ने लगायत कामदारहरूको अवस्थाको वारेमा जानकारी लिन सहज हुन्छ ।
- <u>क्षतिपूर्ति पाउने:</u> निम्न अवस्थामा कामदारले सात लाख पचास हजार नेपाली रूपैञ्या वरावरको क्षतिपूर्ति पाउने छन् :

  क. स्वभाविक मृत्यु (Natural Death/Heart Attack) वा अन्य कुनै विमारीले मृत्यु भएमा ।

  ख. दूर्घटनामा परी मृत्यु भएमा ग. दूर्घटनामा परी पूर्ण वा आंशिक अशक्त वा अपाङ्ग भएमा

  घ. दुवै कानको श्रवण शक्ति गुमेमा, दुवै हात गुमेमा र दुवै खुट्टा गुमेमा, एक हात र एक खुट्टा गुमेमा, वोल्ने शक्ति गुमेमा, दुवै आखाको दृश्य शक्ति गुमेमा ।

  <u>अन्य फाइदाहरू</u>

- दूर्घटनामा परेमा शरीरमा लागेको चोटपटकको मात्रा हेरी न्यूनतम ४०,००० नेपाली रूपैञ्या देखि अधिकतम सात लाख पचास हजार क्षतिपूर्तिको ब्यवस्था ।
- शारिरीक रूपले अशक्त भएमा नेपाल फर्काउने खर्च (विमा गरेर आउने कामदार शारिरीक रूपले अशक्त भएमा नेपाल पठाउने खर्च विमाले ब्यहोर्ने )
- नेपाल लाश पठाउने सम्पूर्ण खर्च (स्पोन्सर/साहूले तिर्नुनपर्ने, स्पोन्सर/साहूले खर्च तिर्न अस्वीकार गरेका कारण धेरैको लाश पठाउन समस्या भइरहेको हालको अवस्थाको अन्त्य हुने)
- मेडिकल फेल भएमा, २ वर्ष पुगेपछि वा करार समाप्त भएपछि स्पोन्सरले नेपाल आउन नदिएमा, स्पोन्सरले शारिरीक दूर्व्यवहार गरेको डक्टरी जांचबाट प्रमाणित भएमा नेपाल फर्कने टिकट (साहूले वा एजेन्टले तिर्नुनपर्ने) ।
- एउटाको नाममा गरेको विमा सो नामको कामदार नआएमा अर्काको नाममा सार्न सकिने ।
- उनीहरूको लागि जुनसुकै वेलामा आवश्यक पर्ने सम्पूर्ण कानूनी उपचार ।


South Surra, Al-Zahra, Block - 8, Street - 804, House No: - 184, Tel.: 25243254/57 جنوب السرة - الزهراء، قطعة ٨، شارع ٨٠٤، رقم الفيلا: ١٨٤، تلفون: ٢٥٢٤٣٢٥٤/٥٧

- दुतावासको सेल्टरमा रहुन्जेल खाने र बस्ने ब्यवस्था तथा औषधि उपचारको ब्यवस्था लगायतका अन्य सेवा, सुविधा तथा क्षतिपूर्ति ।
- निम्न अवस्थामा विमाको सुविधा पाइदैन (क्षतिपूर्ति नपाइने अवस्था)
- आत्महत्या गरेमा वा आत्महत्याको प्रयास गर्दा चोटपटक लागेमा ।
- अन्य ब्यक्तिको राहदानीमा यात्रा गरेमा ।
- भागेको ३ दिनभित्र नेपाली दूतावास, कुवेतलाइ जानकारी नगराएमा ।

ध्यान दिनुपर्ने कुरा

अतः कुवेतमा भिषा नं २० अर्थात् प्राइभेट सर्भेन्ट भिषामा काम गर्न आउने हाउसमेड लगायत घरेलु कामदारहरूले तल उल्लेख भएका कागजातहरू काठमाण्डौबाट साथमा लिएर मात्र उडान गर्नु आवश्यक छ

क. विमा गरेको प्रमाणपत्र । (जसमा सम्बन्धित कामदारको नाम र राहदानी नं उल्लेख हुन्छ)

ख. सर्भिस (सेवा, सेल्टरमा बस्ने र कानूनी उपचारका लागि) प्रमाणपत्र ।

ग. दूतावासको सहीछाप परेको वा दूतावासले प्रमाणित गरेको करारनामा ।

घ. दूतावासको सहीछाप भएको भिषा पेपर ।

ङ. वैदेशिक रोजगार विभागको स्वीकृति पत्र ।

च. नेपाल प्रहरीबाट जारी गरेको चालचलन सम्बन्धी प्रमाणपत्र (परराष्ट्र मन्त्रालयबाट प्रमाणित) ।

छ. नागरिकता प्रमाण पत्रको सक्कल वा प्रमाणित प्रतिलिपि ।

उपरोक्त कागजातहरू विना हाल भिजिट भिषा वा इन्ट्री भीषा लिइ नेपाली कामदारहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य भारतीय हवाइ मार्ग बाट आइरहेका छन् । माथिको कागजातहरू नलिइ कुनै पनि ब्यक्तिको वहकावटमा आउने कामदारहरूको हक, हीत र सुविधाको लागि दूतावासले कुनै सहयोग गर्न सक्दैन ।

कामदारहरूले निम्न कुराहरूमा विश्वास गर्नु हुंदैन

क. एजेन्ट वा कसैले पनि विमा कुवेतमा पुगेपछि हुन्छ भनेमा ।

ख. विमानस्थल वा कहींबाट पनि कुवेतमा कुनै मानिसलाइ फोन गरेर आश्वस्त गराउन खोजेमा ।

आफ्नो विमा भए नभएको जानकारी नेपाली राजदूतावास, कुवेतको वेव साइट http://kuwait.mofa.gov.np बाट पाउन सकिनेछ । जानकारीका लागि उक्त वेवसाइटको वायां पट्टिको सातौं मेनुमा Document Attestation (कागजात प्रमाणिकरण) छ । सो मा क्लीक गरेपछि दायां साइटको कुनामा भिषा २० अन्तर्गत प्रमाणित गरेका कागजातहरू लेखिएको छ सो मा खोलेर हेर्ने अथवा दूतावासको इमेल kuwait@mofa.gov.np मा इमेल गरी आफ्नो नाम, ठेगाना र राहदानी नंम्बर दिइएमा यथाशीघ्र जवाफ दिइनेछ । कुनै पनि जानकारी चाहिएमा इमेल मार्फत पनि नेपाली भाषामा वा रोमनमा लेखेर प्राप्त गर्न सकिनेछ ।

नेपाली राजदूतावास, कुवेत

२०६७ असोज १९ (५ अक्टोवर २०१०)

EMBASSY OF NEPAL STATE OF KUWAIT